उपदफा (२) बमोजिम सहयोग प्राप्त भै बक्यौता रकम असूली भएमा सम्बन्धित व्यक्ति वा संस्थालाई स्थानीय तहले असूली अङ्कको बढीमा १५ प्रतिशतसम्म रकम पुरस्कार स्वरूप उपलब्ध गराउन सक्नेछ । एक भन्द बढी व्यक्ति वा संस्थाको सक्रियतामा बक्यौता रकम असूली भएको भए यस्तो भए यस्तो पुरस्कार रकम दामासाहीबाट उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको प्रक्रियाबाट पनि रकम असूल उपर हुन नसकेमा सरकारी बाँकी सरह रकम असूल उपर गर्नु पर्नेछ ।

९. यस कार्यविधिमा उल्लेख भएका बाहेकका विषयहरूमा सार्वजनिक खरिद ऐन, २०६३ र कार्यविधि, २०६४ बमोजिम हुनेछ ।

१०. कार्यपालिकाले यस कार्यविधि कार्यान्वयन गर्न आवश्यक निर्णयहरू गरि संशोधन गर्न सक्नेछ ।

## अनुसूची-१

(कार्यविधिको दफा (६) बमोजिमको किस्ता असूली तालिका)

| किस्ता विवरण | किस्ता बुझाउँनुपर्ने मिति | रकम रू |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भई सम्झौता गर्नु पुर्व | कबोल अङ्कको ६० प्रतिशतले हुन आउँने रकम । |
| दोश्रो | चालु आर्थिक वर्षको पुष मसान्त भित्र | कबोल अङ्कको ३० प्रतिशतले हुन आउँने रकम । |
| तेश्रो | चालु आर्थिक वर्षको जेष्ठ मसान्त भित्र । | कबोल अङ्कको बाँकी १० प्रतिशत रकम । |